# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, चैत ११ गते, २०७५ साल (अतिरिक्ताङ्क ४१

# भाग ३

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

## वैदेशिक रोजगार (चौथो संशोधन) नियमावली, २०७५

वैदेशिक रोजगार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "वैदेशिक रोजगार (चौथो संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **<u>वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. मा संशोधन</u>** : वैदेशिक रोजगार नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४५क. को उपनियम (१) मा रहेका "तीस दिन" भन्ने शब्दहरुको सट्टामा "दश दिन" भन्ने शब्दहरू राखिएका छन् ।

३. **<u>मूल नियमावलीमा नियम ४५ख. थप</u>** : मूल नियमावलीको नियम ४५क. पछि देहायको नियम ४५ख. थपिएको छः-

> "४५ख. <u>गन्तव्य मुलुक विशेषको लागि मात्र संस्था छनौट गर्न सकिने</u> : नेपाल सरकार र कुनै गन्तव्य मुलुकबीच भएको सम्झौतामा स्वास्थ्य परीक्षण सम्बन्धमा छुट्टै व्यवस्था भएको भए सो बमोजिम उक्त गन्तव्य मुलुकमा मात्र रोजगारीको लागि जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने प्रयोजनको लागि मन्त्रालयमा सूचिकृत स्वास्थ्य संस्थाहरूमध्येबाट छनौट गर्न यस नियमावलीमा भएको व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।"

**आज्ञाले,**
**रामप्रसाद घिमिरे**
**निमित्त सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३